इलाम नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भानुपथ, इलाम, कोशी प्रदेश, नेपाल

इलाम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इलाम जिल्ला, कोशी प्रदेश, नेपाल
२०७२

शिलबन्दी बोलपत्र/दरभाउपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशन मितिः २०८३/०५/२६

इलाम नगरपालिका अन्तर्गत तपशिल बमोजिमका वडाहरुमा कार्यान्वयन हुने योजनाहरु खुला शिलबन्दी बोलपत्र/दरभाउपत्र (हार्डकपी) को माध्यमबाट मात्र कार्यान्वयन गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजतप्राप्त इच्छुक तथा योग्य बोलपत्र/दरभाउपत्रदाताहरुको लागी निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको शिलबन्दी बोलपत्र/दरभाउपत्र (हार्डकपी) आव्हान गरिएको छ ।

ठेक्का संकेत नम्बर	ठेक्काको नाम	लागत अनुमान रकम रु (पि एस सहित, मु.अ.कर, कन्टेनजेन्सी र मर्मतकोष बाहेक)	बोलपत्र/दरभाउपत्र खरिद दस्तुर रकम रु (फिर्ता नहुने गरी)	बोलपत्र/दरभाउपत्र खरिद गर्न सकिने मिति तथा समय	बोलपत्र/दरभाउपत्र जमानत वापतको रकम रु	बोलपत्र/दरभाउपत्र पेश गर्ने अन्तिम मिति तथा समय
imoilam/ncb/work/01-2083/84	Upgrading of Biblyate Bazar Kirat Chowk Ruluk Road, Ilam Municipality-05, Ilam	१,४९,७३,७३८/८६	३०००	२०८३/०६/१५ गते कार्यालय समय सम्म	४,४०,०००	२०८३/०६/१६ गते १२:०० बजे भित्रमा
imoilam/ncb/work/02-2083/84	Upgradation of Operation Theatre for Ilam Community Eye Hospital in Co-operation with Ilam District Hospital	३१,६५,४७३/४२	३०००	२०८३/०६/१९ गते कार्यालय समय सम्म	९०,०००	२०८३/०६/२० गते १२:०० बजे भित्रमा
imoilam/ncb/work/03-2083/84	Construction of Campus Compound Wall and Laboratory Building at Ilam Community Agriculture Campus	२३,०९,७४३/००	३०००	२०८३/०६/२० गते कार्यालय समय सम्म	६८,०००	२०८३/०६/२१ गते १२:०० बजे भित्रमा
imoilam/sq/work/01-2083/84	Upgrading of Pasang Hotel Bhandari Besi Road, Ilam Municipality-10, Ilam	१७,१२,७३०/७५	१०००	२०८३/०६/०१ गते कार्यालय समय सम्म	५०,०००	२०८३/०६/०२ गते १२:०० बजे भित्रमा

शर्तहरुः

- बोलपत्र/दरभाउपत्र कागजातका लागी इच्छुक बोलपत्र/दरभाउपत्रदाताले आ-आफ्नो फर्म दर्ताको प्रमाणपत्र, निर्माण व्यवसाय इजाजत पत्रको प्रमाणपत्र, व्यवसाय दर्ताको प्रमाणपत्र (भएमा), मु.अ.कर दर्ताको प्रमाणपत्र, आ व २०८१/८२ को कर चुक्ता गरेको प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपीको साथ बोलपत्र/दरभाउपत्र खरिद गरेको प्रमाण समेत संलग्न राखी निवेदन दिनुपर्नेछ । यस कार्यालयको राजस्व शाखाबाट उल्लेखित कागजातहरुको जाँच भए पश्चात रितपुर्वकको पाइएमा बोलपत्र/दरभाउपत्र खरिद पुस्तिकामा दर्ता गरी बोलपत्र/दरभाउपत्र कागजात उपलब्ध गराइनेछ ।

- बोलपत्र/दरभाउपत्र खरिद दस्तुर वापतको रकम यस कार्यालयको राजस्व शाखामा नगदै बुझाउन वा बोलपत्र/दरभाउपत्र खरिद दस्तुर वापतको रकम नेपाल बैंक लिमिटेड, इलाम शाखामा रहेको यस कार्यालयको आन्तरिक राजस्व खाता (खाता नम्बरः 04003000001001000001) मा राजस्व शिर्षक नं १४२२९ मा रकम जम्मा गर्न वा स्थानीय तह राजस्व पोर्टल (https://sutrarevenue.fcgo.gov.np) मार्फत यस नगरपालिकाको नाममा राजस्व शिर्षक नं १४२२९ मा दाखिला गर्न समेत सकिनेछ ।
- बोलपत्र/दरभाउपत्रदाताले बोलपत्र/दरभाउपत्र साथ बोलपत्र/दरभाउपत्र खरिद गरेको सक्कलै प्रमाण वा प्रमाणित प्रतिलिपी, बोलपत्र/दरभाउपत्र जमानत वापतको रकम यस कार्यालयको धरौटी खाता (खाता नम्बरः 04003000003000000001) मा रकम जम्मा गरी सो को सक्कलै भौचर वा सोही रकम बराबरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको बैंक वा वित्तिय सँस्थाबाट यस कार्यलयको नाममा जारी भएको बोलपत्रको हकमा बोलपत्र दाखिला गर्ने अन्तिम दिन देखि कम्तीमा १२० दिन मान्य अवधी र दरभाउपत्रको हकमा दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन देखि कम्तीमा ७५ दिन मान्य अवधी भएको निशर्त बोलपत्र/दरभाउपत्र जमानतको सक्कलै प्रति संलग्न राखि पेश गर्नुपर्नेछ ।
- एक फर्मको नामबाट बोलपत्र/दरभाउपत्र खरिद गरी अर्को फर्मको नामबाट बोलपत्र/दरभाउपत्र दाखिला गर्न पाइनेछैन ।
- ठेक्का नं ०१ को लागी २०८३/०६/१५ गते, ठेक्का नं ०२ को लागी २०८३/०६/१९ गते, ठेक्का नं ०३ को लागी २०८३/०६/२० गते र ठेक्का नं SQ-01 को लागी २०८३/०६/०१ गते कार्यालय समयसम्म मात्र बोलपत्र/दरभाउपत्र खरिद गर्न सकिनेछ ।
- बोलपत्र पेश गर्नु पुर्वको वैठक ठेक्का नं ०१ को लागी २०८३/०६/०७ गते, ठेक्का नं ०२ को लागी २०८३/०६/११ गते र ठेक्का नं ०३ को लागी २०८३/०६/१२ गते दिनको १ बजे यस कार्यालयमा बस्नेछ ।
- ठेक्का नं ०१ को लागी २०८३/०६/१६ गते, ठेक्का नं ०२ को लागी २०८३/०६/२० गते, ठेक्का नं ०३ को लागी २०८३/०६/२१ गते र ठेक्का नं SQ-01 को लागी २०८३/०६/०२ गते दिनको १२ बजे सम्म मात्र बोलपत्र/दरभाउपत्र दाखिला गर्न पाइनेछ । तोकिएको समय भन्दा ढिला गरी पेश हुन आएका बोलपत्र/दरभाउपत्र स्विकार गरिनेछैन ।
- बोलपत्र/दरभाउपत्र कागजातमा बोलपत्र/दरभाउपत्रदातालाइ दिइएको निर्देशन अनुरुप बोलपत्र/दरभाउपत्रदाताले भर्नुपर्ने सम्पुर्ण विवरणहरु भरी, सबै पानामा प्रोपाइटर वा आधिकारिक प्रतिनिधीले सहीछाप गरी, आवश्यक कागजातहरु संलग्न राखी, रितपुर्वक शिलबन्दी गरी पेश गर्नुपर्नेछ । शिलबन्दी नगरी पेश हुन आएका बोलपत्र/दरभाउपत्र स्विकार गरिनेछैन ।
- बोलपत्र फिर्ता लिन वा संशोधन गर्न चाहेमा ठेक्का नं ०१ को लागी २०८३/०६/१५ गते, ठेक्का नं ०२ को लागी २०८३/०६/१९ गते र ठेक्का नं ०३ को लागी २०८३/०६/२० गते दिनको १२ बजे भित्रमा शिलबन्दी निवेदन पेश गर्नुपर्नेछ । तोकिएको समय भन्दा ढिला गरी दर्ता हुन आएका बोलपत्र फिर्ता सम्बन्धी निवेदन र संशोधन सम्बन्धी कागजात उपर कुनै कारबाही गरिनेछैन । शिलबन्दी नगरी पेश हुन आएका फिर्ता वा संशोधन सम्बन्धी कागजात स्विकार गरिनेछैन । एक पटक संशोधन भइसकेको बोलपत्र फिर्ता लिन सकिनेछैन । बोलपत्र फिर्ता वा संशोधन सम्बन्धी निवेदन एक पटक भन्दा बढि दिन पाइनेछैन ।
- बोलपत्र/दरभाउपत्रदाताले दररेट प्रस्ताव गर्दा प्रष्टसँग बुझिनेगरी दररेट प्रस्ताव गर्नुपर्नेछ । कुनै कारणवश सच्याउनु परेमा वा केरमेट भएमा उल्लेखित स्थानमा प्रोपाइटर वा आधिकारिक प्रतिनिधीको अनिवार्य सहिछाप हुनुपर्नेछ । बोलपत्र/दरभाउपत्रदाताबाट प्रस्तावित अंक दररेट र अक्षर दररेटमा भिन्नता देखिएमा अक्षर दररेट लाइ नै मान्यता दिइनेछ ।
- पेश भएका बोलपत्र/दरभाउपत्रहरु ठेक्का नं ०१ को लागी २०८३/०६/१६ गते, ठेक्का नं ०२ को लागी २०८३/०६/२० गते, ठेक्का नं ०३ को लागी २०८३/०६/२१ गते र ठेक्का नं SQ-01 को लागी २०८३/०६/०२ गते दिनको १२:३० बजे बोलपत्र/दरभाउपत्रदाता वा निजको प्रतिनिधीहरु र आमन्त्रित प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । कुनै कारणवश बोलपत्र/दरभाउपत्रदाता वा निजको प्रतिनिधीहरु उपस्थित नभएमा समेत बोलपत्र/दरभाउपत्र खोल्न कुनै बाधा पर्नेछैन ।
- बोलपत्र/दरभाउपत्र खरिद वा पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को लगतै कार्यालय खुलेको दिनको पुर्वनिर्धारित समय अनुसार नै बोलपत्र/दरभाउपत्र खरिद वा पेश गर्न सकिनेछ ।
- यस सम्बन्धी थप जानकारीका लागी कार्यालय समयमा यस कार्यालयको पुर्वाधार विकास महाशाखामा सम्पर्क राख्न वा सम्पर्क नं ९८५२६२४११ वा ९८५२६८६२३७ मा सम्पर्क राख्न सकिनेछ ।

.....

गणेश कुमार खड्का

प्रमुख प्रशासकिय अधिकृत

इलाम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इलाम जिल्ला, कोशी प्रदेश, नेपाल
२०७३